## सूचना ९

श्री ५ को सरकारले जिल्ला कार्यालय दोलखाका प्रमुख जिल्ला अधिकारी श्री ईश्वरप्रसाद श्रेष्ठ मिति २०४७।४।११ देखि बिदामा बस्नुभएकोले उहाँ बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका प्रशासकीय अधिकृत श्री चण्डेश्वर पोखरेललाई सोही मितिदेखि नै का.मु. मुकरर गरेको छ ।

## सूचना १०

श्री ५ को सरकारले जिल्ला कार्यालय लमजुङका प्र. जि. अ. श्री ऋषिकेश शर्मा मिति २०४७।५।३ देखि घर बिदामा बस्नुभएकोले उहाँ बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा प्रशासकीय अधिकृत श्री कृष्णराज त्रिपाठीलाई मिति २०४७।४।३२ को निर्णयानुसार का. मु. मुकरर गरेको छ ।

आज्ञाले,
उद्धवप्रसाद बास्कोटा
उपसचिव (कानून अधिकृत)

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा ९(४) ले दिएको अधिकार प्रयोग गरी मिति २०४६।२।२८ मा अर्को एक अवधिको लागि नेपाल राष्ट्र बैंकको गभर्नर पदमा नियुक्ति हुनुभएका गभर्नर श्री गणेशबहादुर थापाले आफ्नो पदबाट दिनुभएको राजिनामा मिति २०४७।२।९ मा स्वीकृत भएकोले रिक्त हुन आएको उक्त गभर्नरको पदमा बाँकी अवधिको लागि सोही बैंकका डेपुटी गभर्नर श्री हरिशंकर त्रिपाठीलाई मिति २०४७।४।२५ देखि नियुक्त गरेको छ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का.मु. सचिव

१२८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।